विज्ञान तथा प्रविधिको क्षेत्रमा हासिल गरिएका अद्भूत उपलब्धिहरूको परिणति स्वरूप हाम्रो सामाजिक परिवेशमा तीव्रतम परिवर्तनहरू आउन गई हाम्रा अनतिक्रमणीय रीति-रिवाजहरू, हाम्रा सामाजिक संरचनाहरू एवम् सांस्कृतिक मूल्यहरूमा पनि तीव्र परिवर्तनहरू आइरहेका छन् र मानव भौतिक स्वर्ग निर्माणका निमित्त सामाजिक विसङ्गतिहरू, रोग, भोक, गरिबी तथा अज्ञानतालाई विज्ञान एवम् प्रविधिको "अमोघ भ्याक्सिनद्वारा" मुक्त राख्ने कार्यमा संलग्न हुनाले नै मानव प्रगति पथका सम्भाव्य नव द्वारहरू क्रमशः खुल्दै गई हरेक क्षेत्रमा अभूतपूर्व परिवर्तनहरू आउनाले मानव जीवनशैली नै केबल "बटन थिच्ने" प्रक्रियामा मात्र सीमित रहने अवस्थाको सृजना हुन थालिसकेको छ र नव शताब्दी सुख एवम् समृद्धिको एक युगान्तकारी परिवर्तनको वाहक भएर मानव समक्ष समुपस्थित भइरहेकोले मानव सभ्यता यस नवयुगसँगै प्रवाहित हुनलाई मानसिक तथा भौतिक रूपमा संलग्न रहेको परिप्रेक्ष्यमा विज्ञान र प्रविधिको क्षेत्रमा भएका युगान्तकारी परिवर्तनहरूबाट एउटा प्रजातान्त्रिक राष्ट्रका आम नागरिकहरूलाई अनभिज्ञ राख्ने अवस्था देखिँदैन। त्यसैले विज्ञान पत्रकारिताको क्षेत्रमा कुनै उल्लेखनीय उपलब्धि हासिल हुन नसकेको आजको सन्दर्भमा विज्ञान र प्रविधिको विकासबाट प्राप्त भएका र हुन सक्ने प्रतिफलको ज्ञानलाई पत्रकारिताको माध्यमबाट आम जनताहरूमा प्रवाह गर्न अति आवश्यक भैसकेको छ ।

तसर्थ एक विकासोन्मूख राष्ट्का निमित्त उसका नागरिकहरूले परम्परागत चिन्तनको घेराबाट बाहिर निस्केर विश्वमा भैरहेका वैचारिक परिवर्तनहरूसँग साक्षात्कार गर्नु आजको अनिवार्यता भैसकेको छ ।

त्यसकारण वैज्ञानिक विधि, वैज्ञानिक सोच तथा वैज्ञानिक संस्कारलाई जनमानसमा पुऱ्याउनु आजको आवश्यकता हुन गएको छ । जसले गर्दा सर्वसाधारणमा आत्मविश्वास, स्वनिर्भरता, निपुणता एवम् स्वविवेकको प्रादुर्भाव हुन गई उनीहरू मानवीय मूल्यप्रति सचेत हुँदै आफ्नो वातावरणसँग सामञ्जस्यता कायम गर्न सक्ने क्षमता हासिल गरेर विकासको मुल प्रवाहमा समाहित हुन सकुन् ।

तर हालसम्म पनि नेपालमा वैज्ञानिक स्वभाव तथा विचारहरूलाई जनमानसमा जनमानसकै भाषामा पुऱ्याउन सक्षम विज्ञान पत्रिकाको टड्कारो अभाव अनुभव हुन्छ। तसर्थ, विज्ञान एवम् वैज्ञानिक संस्कारलाई जनप्रिय बनाउन, विश्वमा भइरहेका नवीन आविष्कारहरू तथा विज्ञान एवम् प्रविधिको विकास बाट प्राप्त प्रतिफलहरूलाई जनसमक्ष प्रस्तुत गरेर सर्वसाधारणलाई विज्ञान एवम् प्रविधिको विकाससँगै प्रवाहित गर्ने उद्देश्यले वी.पी. कोईराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय विकास समितिले विज्ञान एवम् प्रविधिको सहज ज्ञानलाई जनसमक्ष प्रस्तुत गर्ने आफ्नो उद्देश्य अनुरूप **"वैज्ञानिक जगत्"** नामक विज्ञान पत्रिकाको प्रकाशनलाई निरन्तरता दिने क्रममा सातौं अङ्को प्रकाशन गर्न गइरहेको छ ।

**प्रकाशन आवधिकता:** वार्षिक

**प्रकाशक** : नेपाल सरकार, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय, वी.पी कोईराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय विकास समिति ।

**लेखको स्तर तथा पाठक वर्ग** : लेखहरू सरल एवम् आम बोलचालको नेपाली भाषामा तथा लेखमा प्रस्तुत विषय सर्वसाधारणले सहज रूपमा बुझ्न सक्ने हुनु पर्ने छ । लेखहरूमा प्रस्तुत विषय प्रमाणपत्र तह वा उच्च माध्यमिक तहसम्म शिक्षा हासिल गरेका वर्गले बुझ्न सक्ने हुनु पर्ने छ ।

# लेखहरूको वर्गीकरण

**(क) वैज्ञानिक लेख रचना** : लेखको विषय विज्ञान एवम् प्रविधिको क्षेत्रसँग सम्बन्धित आविष्कार, विकास एवम् अनुसन्धानसँग सम्बन्धित सार्वजनिक रूचिको कुनै पनि पक्ष हुन सक्दछ । साधारणतया लेखको लम्बाई ४००० शब्दभन्दा बढी हुने छैन ।

**(ख) वैज्ञानिक कथा** : विज्ञान एवम् प्रविधिको विकासलाई प्रतिविम्बित गर्ने, विज्ञान एवम् प्रविधि प्रति अभिरूचि जगाउने, यसको प्रभावलाई प्रस्ट्याउने कुनै पनि विषयसँग सम्बन्धित रहन सक्दछ । र लम्बाई ४००० शब्दभन्दा बढी हुने छैन ।

**(ग) विविध** : यस अर्न्तगत विज्ञान तथा प्रविधि सम्बन्धी नीतिगत विषयहरू, विज्ञान व्यवस्थापन सम्बन्धी विषयहरू, विज्ञान तथा प्रविधिको इतिहास तथा विकास सम्वन्धी विषयहरू, विज्ञान तथा प्रविधिसँग आवद्ध व्यक्तित्व वा संस्थाहरूको रोचक पक्ष आदि कुराहरू समाविष्ट गरिने छ । रचनाको लम्बाई ३००० शब्द भन्दा बढी हुने छैन ।

**(घ) नारी मञ्च** : यस अर्न्तगत नारीहरूका निमित्त विज्ञान तथा प्रविधिसँग सम्वन्धित रोचक एवम् ज्ञानवर्धक सामग्रीहरू जस्तै स्वास्थ्य, खाद्य, सौन्दर्य, आदि जस्ता पक्षहरू समेटिने छन् ।

**(ङ) विज्ञान क्षितिज** : यस अर्न्तगत विज्ञान तथा प्रविधिको क्षेत्रमा हासिल गरिएका उपलब्धिहरू तथा रोचक प्रसङ्गहरूलाई २००० शब्दमा नवढाई प्रस्तुत गरिने छ ।

**(च) वैज्ञानिक व्यक्तित्व :** यस अन्र्तगत विश्वका सुप्रसिद्ध वैज्ञानिकहरूको व्यक्तित्व तथा कृतित्वमा प्रकाश पारिने छ ।

**(छ) विज्ञान साहित्य चर्चा :** यसमा विज्ञान तथा प्रविधि सम्बन्धी प्रकाशनहरूको समालोचना गरीने छ ।

**(ज) विज्ञान तथा प्रविधि समाचार :** यस अन्र्तगत स्वदेश तथा विदेशका विज्ञान तथा प्रविधिको क्षेत्रमा भए गरेका कार्यहरूलाई समीक्षात्मक रूपमा प्रस्तुत गरिनेछ ।

**(झ) लेखको स्तर तथा पाठक वर्ग :** लेखहरू सरल एवं आम बोलचालको नेपाली भाषामा हुनु पर्ने छ र लेखमा प्रस्तुत विषय सर्वसाधारणले सहज रूपमा बुझ्न सक्ने हुनु पर्ने छ ।

**(ञ) र अन्य यस्तै रोचक स्थायी स्तम्भहरू ।**

## विद्वज्जन लेखकहरूमा अनुरोध

(क) लेख मौलिक एवम् अप्रकाशित हुनु पर्ने छ । लेख पठाउँदा कागजको एकपट्टी छेउ छोडेर तथा पङ्क्तिको बीचमा दोब्बर स्थान छोडेर कम्प्युटर टङ्कण गरिएको हुनु पर्दछ । लेखको एउटा प्रिन्टिङ कपि सहित दुईप्रति पठाउन हुन अनुरोध छ । लेख रचनाहरू CD / DVD वा E-mail मार्फत् पनि पठाउन सकिने छ ।

(ख) लेख सरल एवम् आम बोलचालको नेपाली भाषामा हुनु पर्ने छ र लेखमा प्रस्तुत विषय प्रमाणपत्र तह वा उच्च माध्यमिक तहसम्म शिक्षा हासिल गरेका वर्गले बुझ्न सक्ने हुनु पर्ने छ ।



(ग) लेखमा प्रस्तुत विषयलाई वोधगम्य बनाउने उद्देश्यले आवश्यक चित्र एवं रेखाचित्रहरू छुट्टै पृष्ठमा शिर्षक सहित समावेश गरेको हुनु पर्दछ ।

(घ) लेखमा उल्लेखित सम्पूर्ण मापनहरू मेट्रिक प्रणालीमा हुनु पर्नेछ ।

(ङ) लेखसँगै लेखकको नाम, पत्राचारको ठेगाना, अध्ययन, आवद्ध निकाय आदिकुराहरू संक्षिप्त रूपमा उल्लेख हुनु पर्नेछ ।

(च) **"वैज्ञानिक जगत्"** मा प्रकाशित सम्पूर्ण लेख रचनाहरूको पारिश्रमिक दिइने छ ।

**लेख-रचनाहरू निम्न ठेगानामा पठाउन हुन अनुरोध छ ।**

**सनतकुमार शर्मा**
सम्पादक
**'वैज्ञानिक जगत्'**
वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय
वी. पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय विकास समिति
सिंहदरबार, काठमाण्डौ, नेपाल
टेलिफोन : ४२११९७१
फ्याक्स : ४२११८९७
इमेल : sanatsharma@most.gov.np



# वैज्ञानिक जगत्

नेपाल सरकार
वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय
बी.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय विकास समिति

**विज्ञान तथा प्रविधि सम्बन्धी लोकप्रिय**

**वार्षिक पत्रिका**